कीर्तिपुरको चित्रण

कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक २ | ने. सं. ११३१ तछलागा त्रयोदशी बुधवा: २०६८ असार १५ गते बुधवार (Jun- 29, 2011) | मुल्य : ५/- (न्यातका)

नगरपालिकाद्वारा विनियोजित बजेटमा पनि काम भएन, नयाँ बजेटको तयारी

कीर्तिपुर/सन्देश

प्रत्येक आर्थिक वर्षको अन्तिम महिना हो असार महिना । वर्ष दिनको कामको मुल्यांकन गरेर आगामि आर्थिक वर्षको वजेट पेश गर्ने गर्छ ।

कीर्तिपुर नगरपालिकाले आ.व. २०६७/०६८ मा के कति काम गरेको छ। मुल्याङ्कन गर्न जरुरत छ। यसै सन्दर्भमा आ.व.२०६७/०६८ को नगर परिषद वैठकले नेवारहरूको आदिभूमि, नेवारहरूको बाहुल्यता भएको कीर्तिपुर नगर पालिकामा नेपालभाषाको विकासको लागि भनेर स्थानीय भाषा विकास तथा संरक्षण शिर्षकमा ४ चार लाख वजेट छुट्याइएको थियो । यस वजेटको उद्देश्य भनेको कीर्तिपुर क्षेत्रमा नेपालभाषा विषय लिइ माध्यमिक तथा उच्च माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई विद्यालय शुल्क एवम पुस्तक सहयोग गरि प्रोत्साहन दिने र नेपाल लिपीको छुट्टै कक्षा संचालन गर्ने रहेको थियो ।

यसको लागि नगर पालिकामा शिक्षा समिति छ । शिक्षा समिति अन्तर्गत नै स्थानीय भाषा विकास उपसमिति रहेको छ ।

तर आ.व. सकिन लाग्दा पनि यस बजेटबाट एक पैसा खर्च गरिएको छैन । छात्रवृत्ति पाउने आशामा माध्यमिक र उच्च माध्यमिक विद्यालयमा नेपालभाषा विषय लिइ अध्ययनरत विद्यार्थीहरू मर्कामा परेका छन ।

– स्थानीयभाषा विकास तथा संरक्षणका लागि विनियोजित ४ लाख रुपैंया फ्रिज हुने अवस्थामा

– सांस्कृतिक बाजागाजा पर्व संरक्षण/सांस्कृतिक का लागि विनियोजित १ लाख ५० हजार मध्ये जम्मा ११ हजार मात्र खर्च



नगरपालिकासँग बुझ्दा समिति र उपसमितिले वास्ता नगरेको बताउनु हुन्छ । उपसमितिका संयोजक बज्रमुनी बज्राचार्यज्यूलाई जिज्ञासा राख्दा नगरपालिकाले वजेटै दिदैन भन्नु हुन्छ ।

नगर परिषदले छुट्याइ दिएको वजेट परिचालन गर्न नगरपालिकाका पदाधिकारीहरूले किन आनाकानी गर्नुहुन्छ ? यसरी एकले अर्कोलाई दोष दिएर पन्छिन खोज्नु राम्रो कुरा होइन । दोष कसलाई दिने ? अरूको थाप्लोमा दोष पन्छाएर आफू चोखो बन्न खोज्दैमा समस्याको समाधान हुने होइन । त्यसैले अहिले पनि केही समय वांकि छ ।

काम सुरु गरेर वजेटलाई फ्रिज हुनबाट बचाउँ ।

बाँकी ४ पेजमा

सन्देश मित्र राष्ट्रिय जनावर र हिन्दुवाद पेज २

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं *पेज ३*

कीर्तिपुर नगरपालिकाको काम जनस्तरबाट अनुगमन गर्ने *पेज ३*

डाक्टर बन्न चाहन्छिन शिरीष *पेज ४ र ५*

पांगा मा.वि.मा श्रद्धाञ्जली सभा *पेज १०*

हार्दिक बधाई

२०६७ सालको प्रवेशिका (एस.एल.सी.) परीक्षामा काठमाडौं दक्षिण भेगिय सामुदायिक विद्यालयतर्फ ८७.६३ प्रतिशत अंक ल्याई सर्वोत्कृष्ट हुन सफल हुनु भएका यस उच्च मा.वि.का विद्यार्थी विनीता तिवारीलाई हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको लागि शुभकामना व्यक्त गर्दछ ।

विनीता तिवारी

विद्यालय व्यवस्थापन समिति

एवं

विद्यालय परिवार

जनसेवा उच्च माध्यमिक विद्यालय

पाँगा, कीर्तिपुर – १२

फो.नं : ४३३०८८०, ४३३१९८२

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

S.L.C., + 2 / Campus मा समेत उत्कृष्ट नतिजा हासिल गर्न सफल यस मङ्गल उच्च मा.वि. तथा बहुमुखी क्याम्पस कीर्तिपुरमा कक्षा ११ मा भर्ना खुल्यो, सिट सिमित छ ।

Faculty:

- Management
- Education
- Humanities

Subjects:

- Hotel Management
- Computer Science
- Mass Communication

- कक्षा सञ्चालन श्रावण १ गते देखि हुनेछ ।
- सम्पर्क समय: विहान ६ बजेदेखि ११ बजेसम्म

मङ्गल उच्च मा.वि.

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर, फोन नं : ४३३०५४४

प्रकाशक:
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
व्यवस्थापन
निरजमान सिंह, भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी

थाक्
शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
ज्याक्:
निखासी त्वा: किपू नपा-३
फोन ल्या: ४३३३००७,
९८४१४०१०७७
kirtipur_sandesh@live.com

;Dkfbs|o

निलाम्वर आचार्यको भूमिका

नयाँ संविधान निर्माणका लागी संविधानसभाका विषयगत समितिहरूले आ आफ्नो कार्य सम्पन्न गरि सकेपछि संविधानको मस्यौदा बनाउने काम संविधानसभाको संवैधानिक समितिको हो । संवैधानिक समितिका सभापति निलाम्वर आचार्य हुन ।

तत्कालिन अवस्थामा संविधानसभामा विवादीत विषयहरू समाधान गर्नका लागी सर्वदलिय कार्यदल गठन गरी कार्य शुरू गर्नासाथै आचार्यले आपत्ति जनाउँदै सो अधिकार संवैधानिक समितिलाई चाहिने हैन भने आफुले राजीनामा समेत दिन सक्ने आशयको चुनौति दिएका थिए । त्यसपछि संविधानसभाको बैठकले नै सो अधिकार संवैधानिक समितिलाई दिएको हो । विवाद समाधान गर्नका लागी संवैधानिक समितिले काम गर्न नसकेपछि सो समितिले उप समिति बनाईएको थियो । विवादीत विषय समाधान गर्नका लागी भनेर । त्यसपछि उप समितिले पुनः कार्यदल बनाईयो । कार्यदलले आफ्नो प्रतिवेदन उप समितिलाई बुझाई सकेको अवस्था छ । उप समितिले खासै काम गर्न सकिरहेको छैन । उप समितिले काम सम्पन्न नगरेसम्म संवैधानिक समितिले मस्यौदा तयार गर्न सकिने अवस्था छैन । अतः उप समिति, संवैधानिक समित हुँदै पुनः संविधानसभा क्रियाशिल हुनु पर्ने अवस्थामा संवैधानिक समिति नै क्रियाशिल हुन नसेकेको अवस्थामा संविधानसभा क्रियाशिल हुने कुरै भएन ।

अतः अहिलेको अवस्थामा संवैधानिक समितिले जुन अधिकार पाएको कुरा हो सो अधिकार प्रजातान्त्रिक लोकतान्त्रिक ढंगबाट सहमति र निर्णयमा जान नसकी उप समितिलाई जिम्मा पन्छाउनु भनेको संवैधानिक समितिका सभापति आचार्यको गैर जिम्मेवारीपन हो भन्न सकिन्छ । त्यसैले आचार्यले आफ्नो भूमिका प्रभावकारी ढंगबाट खेल्नुपर्ने अहिलेको आवश्यकता हो ।

राष्ट्रिय जनावर र हिन्दूवाद

साँच्चै नै नेपालमा राष्ट्रिय जनावर राख्ने हो भने नेपालमा मात्र पाइने एक सिंगे गैडालाई किन राख्न सकिन्न ।





मन्थन

स्वराज महर्जन

संघीय गणतान्त्रिक नेपालको अन्तरिम संविधनमा अहिलेसम्म पनि राष्ट्रिय जनावर गाई राखेको अवस्था छ । गाई हिन्दू धर्मको दृष्टिकोणवाट महत्वपूर्ण जनावर अवश्य पनि हो ।

नेपाल हिन्दू राज्य नभईकन धर्म निरपेक्ष राज्य घोषणा भईसकेको अवस्था हो । तैपनि गाई राष्ट्रिय जनावर को रुपमा राखिएको अवस्था छ । बौद्ध धर्म र मुस्लीम धर्मलम्वीहरूको जीवन पद्धतिसंग जोडिएको र गाई/गोरुको मासु विभिन्न संस्कृति एवं संस्कारहरूमा चाहिने कुरा सवैलाई थाहा भएकै कुरा हो ।

अझ मुस्लीम समुदायले गाईको मासु नै खाने गरिन्छ । मुस्लीम समुदायको इतिहास हेर्ने हो भने घाम जतिकै यो कुरा छर्लङ छ । यस्तो अवस्थामा पनि अहिलेको व्यवस्थापिका संसदमा चौपाया सम्वन्धी विधयेक ल्याउने तयारी गरिरहेको छ । सो विधयेकमा 'गाई/गोरु मर्न गएमा' कानुनी रुपमा नै सजाय गर्ने व्यवस्था गरिएको छ । यो विधयेक ल्याउने कार्यमा व्यवस्थापिका संसदका सांसदहरूको मात्र नभई हिन्दूवादीहरूको पनि अदृष्य रुपमा भूमिका रहेको अनुमान गर्न सकिन्छ । साँच्चै नै नेपालमा राष्ट्रिय जनावर राख्ने हो भने नेपालमा मात्र पाइने एक सिंगे गैडालाई किन राख्न सकिन्न ।

बास्तावमा गाई भनेको नेपालमा मात्र नभई विश्वभरी नै पाइने जनावर हो । गाईले नेपालको पहिचान पनि दिदैन । एकसिंगे गैडा राष्ट्रिय जनावर को रुपमा राख्ने हो भने एकसिंगे गैंडाको संरक्षण पनि हुने र नेपालको पहिचान पनि हुन सक्ने कुरालाई ध्यानमा राख्नु पर्ने अवस्था छ ।

धर्म निरपेक्ष राज्य घोषणा भए पनि बास्तवमा नेपालमा हिन्दू राज्यको अवशेष राख्न नेपालका नेताहरू चाहन्छन भन्ने कुरा पनि अहिले संसदमा ल्याउन लागेको विधयकवाट स्पष्ट हुन आउँछ । विशेष गरी संघीयताको विरोध गर्दै पुनः राजतन्त्रलाई बिउँझाउन सकिन्छ कि भनेर राजसंस्थावादीहरूले पनि हिन्दू धर्मलाई नै आधार बनाउनका लागि हिन्दू राज्यको पक्षमा खुल्ला रुपमा नै विभिन्न सडक कार्यक्रम गर्दै आइरहेको अवस्था छ ।

धर्म निरपेक्ष राज्यमा पनि हिन्दू राज्यको कल्पना गर्दै पुनः पश्चागामी सोच बनाई अन्य धर्मालम्वीहरूलाई साइज घटाउन सकिन्छ कि भनेर डिजाइन अनुसार नै अहिले काम भइरहेको कसैले पनि अस्वीकार गर्न सकिने अवस्था छैन ।

यी सवै घटनाक्रमलाई हेर्दा मूल रुपमा अहिलेको अवस्थामा हिन्दू धर्मको आडमा पुनः नेपाललाई अग्रगामी सोचबाट पछाडि हटाउन प्रयास गरेको हो भन्न सकिने अवस्था छ ।

संक्रमणकालिन अन्तरिम व्यवस्थापनका पक्ष

सरबकुमार महर्जन

देश अहिले संक्रमणकालिन अवस्थामा छ । देशको शान्ति सुव्यवस्था पनि संक्रमण अवस्था रहेको छ । देशमा जनताद्वारा जनताको लागि जारी गर्ने भनेको संघिय लोकतान्त्रिक गणतन्त्रको संविधान पनि जारी गर्न सकेको अवस्था छैन । २०६८ जेठ १४ गते रातो संविधान सभाको बैठक बसी २०६८ जेठ १५गते विहान गरेको ५ बुँदे सहमति पनि सबै कार्यन्वयन गर्न सकेको छैन । दलहरूभित्र माओवादी लडाकु समायोजन तथा व्यवस्थापन वारे जुन तालिकाका साथ अघि बढने भन्ने सहमति भएको थियो । शान्ति र सहमतिका लागि प्रधानमन्त्रीले राजीनामा दिइ मार्ग प्रशस्त गर्ने भन्ने सहमति पनि कार्यन्वयन हुने अवस्था छैन ।

अत: दलहरूले क्षणिक रुपमा लाभको लागि, एकछिनको हारजितको रुपमा आफ्नो दलिय स्वार्थको लागि, व्यक्तिगत स्वार्थका लागि सहमति सम्झौता गर्ने तर व्यवहारमा कार्यन्वयन नगर्ने अवस्थाले दलहरूको आस्थाप्रति जनताको मनोवल घट्दो क्रममा छ। संक्रमनकालिन अन्तरिम राज्य संचालन व्यवस्थापन, शान्तिसुरक्षाका अन्तरिम व्यवस्थापन कमजोर हुनासाथ देशमा कुनै न कुनै घटना, दुर्घटना तथा भ्रष्टाचारले ठाउँ पाएकै छन् । जतिजति यो संक्रमनकालिन अवस्था लम्बिन्छ त्यति नै देशको लागि हानिकारक छ ।

त्यतिमात्र हैन अहिले दलहरूभित्र आन्तरिक पार्टी कलह, झगडा, बादविवाद बढदै गएकोले पनि देशलाई अहिलेका नेताहरूले सकुशल अवतरण गर्न सक्छन् कि सक्तैनन् या आन्तरिक पार्टीभित्र देखा परेको झगडा तथा विवादले देशमा एकदिन गृहयुद्धतिर होमिने त होइन ? जनतालाई आशंका बढिरहेको छ । एकिकृत नेकपा माओवादीभित्र देखा परेको तीन शीर्ष नेताहरूको विवादले तल्लो तहसम्म गुट बनिरहेको अवस्थाले साँच्चै पार्टी फुटको संघारको अवस्था छ । यदि साँच्चे त्यो पार्टी फुट हुने हो भने देश यी दलहरूको नियन्त्रण हुने हो कि हैन, शंकाको घेरामा रहेको छ । अहिले दलहरूभित्र पनि आन्तरिक पार्टी व्यवस्थापन फिटलो अवस्था छ । पार्टीभित्र गुटवन्दी हावी छ ।

वर्तमान सरकारमा मोहनबैद्य पक्षले सरकारको शपथग्रहण बहिस्कार गर्नु, एकिकृत माओवादीको नेताहरूको दोहोर सुरक्षा हटाएकोमा असन्तुष्ट हुनु, लडाकु समायोजनभन्दा अगाडि नै हतिहार बुझाउन नमान्नु मात्र हैन अव कुन तहको पार्टी कुन पक्षको हातमा या नियन्त्रणमा छ भन्ने होडबाजीमा रहेका छन् । देशभर आ-आफ्ना गुटको भेला बैठक नियमित रुपमा अगाडि बढाउनु भनेको आखिर देश र जनताको लागि, संघिय लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्नका लागि हानिकारक छ । हिजो नेकपा एमालेको वामदेव गौतमले पार्टी फुटाउँदा जुन हविगत व्यहोर्नु पऱ्यो त्यो भन्दा सयौगुणा देश जनताको लागि हानी हुने अवस्था छ । त्यसैले अहिलेको नेतृत्वले अन्तरिम व्यवस्थापन गर्न सक्नु पर्दछ ।

नेकपा एमालेभित्र पनि माथिदेखि तलसम्म जुन गुट देखा परेको छ । कालन्तरमा नेकपा एमाले भित्र पनि पार्टीशक्ति खिया लाग्नु बाहेक विकल्प देखिदैन तर नेकपा एमाले शान्तिपूर्वक देश जनताको लागि लागि परेको पार्टीका कारण पार्टी कार्यकर्ताहरूबीच शत्रुतापूर्ण व्यवहार भए पनि क्षतविक्षत हुने अवस्था छैन ।

उनीहरू चाँडै नै रुपान्तरण हुने सक्ने गुण पैदा भइसकेको छ । साँच्चै एकिकृत माओवादीलाई रुपान्तरण गर्ने हो ,नेपाली काग्रेसलाई देश जनताप्रति उत्तरदायित्व बनाइ राख्ने हो भने नेकपा एमालेको भूमिका देश जनताको लागि अत्यावश्यक छ । यो कुरा चाहे एकिकृत नेकपा माओवादीलाई १२ बुँदे सहमतिमा ल्याउने सवालमा होस् चाहे नेपाली कांग्रेसलाई संविधान सभाको निर्वाचनसम्म ल्याउने सवालमा होस् नेकपा एमालेको अथक प्रयास रहेको छ ।

तर पार्टीभित्र सही कार्यकर्ता पहिचान नहुँदा त्यस पार्टीभित्र पनि अनावश्यक गुटवन्दी हावी भएको छ । यो देश र जनताका लागि स्वयम् एमालेलाई पनि श्रयष्कर भएको छैन । तर नेताहरूले आफु टिकिराख्नको लागि, गुटबाट स्वार्थ पूर्ति गर्नका लागि, प्रत्यक्ष या अप्रत्यक्ष रुपमा पदमा भएका, सरकारमा गएका नेता तथा राज्यबाट फाइदा लिनको लागि कार्यकर्ताहरूलाई कित्ताकाट गर्ने, भित्रभित्र व्यक्तिगत चरित्र हत्या गर्ने, सदाको लागि आफु नै नेता ठान्ने तर समस्या आयो भने, कार्यकर्तालाई जवाफ दिनु पऱ्यो भने अरूतिर औला सोझ्याउने, पद र प्रतिष्ठा लागि अरूलाई नगन्ने, अवस्थाले एमाले पार्टी जुन ओरालो लागेको छ । नेताहरूले वास्तविक कार्यकर्ता पहिचान गर्न सकेन भने एमाले नेता तथा कार्यकताहरूको पनि भविष्य सुखद छैन ।

त्यस्तै गरी नेपाली कांग्रेस पनि फुटबाट चेतिएको पार्टी भएपनि त्यहाँपनि गुटकै समस्या छ । योग्यता क्षमताका आधार मा होइन, गुटगत आधारमा नेताहरूबाट व्यवहार पाउनाले नेपाली काग्रेस पनि आजित छ । एक त संगठन प्रणाली नै कमजोर छ नेपाली कांग्रेस भने व्यक्तिवादी र पैसालाई केन्द्रविन्दु बनाइ चल्ने कार्यकर्ताका कारण आम रूपमा संस्थागत निर्णय कमैमात्रामा हुने गर्दछ ।

त्यस पार्टीभित्र पनि उनीहरूको महाधिवेशनताका हेर्ने हो भने माथिदेखि तलसम्म पनि गुटकै आधारमा निर्वाचन भएको थियो । यसले के पुष्टी हुन्छ भने आन्तरिक रूपमा या बाहिरी रूपमा आजसम्म दलहरूले जुन व्यवस्थापन गर्दै आइरहेको छ । अव आन्तरिक व्यवस्थापन कमजोर हुँदै आएको छ ।

अन्तरिम व्यवस्थापन कमजोर, आन्तरिक व्यवस्थापन कमजोर अवस्था प्रतिगामीहरू, देशीविदेशीहरूले देशभित्र खेल्ने वेलामा ठुलो ठुलो उपलब्धीहरू पनि गुम्ने अवस्था हुन्छ । चाहे जननेता मदन भण्डारी गुमाएको अवस्था होस् , चाहे ज्ञानेन्द्रले आफ्नो हातमा सरकार लिएको अवस्था होस् । त्यस अवस्थामा जे पनि हुन सक्छ । सवै जनता आफै पनि सचेत र सजग भएर बस्नु पर्ने अवस्था छ ।

नगरपालिकाको काम जनस्तरवाट अनुगमन गर्ने

नगरपालिकाको नयाँ बजेटका लागी सर्वपक्षिय् अन्तर्क्रिया गर्ने

हिरासतबाट सफाई पाएका अध्यक्ष मण्डलका सदस्य नजरराम महर्जनलाई औपचारिक रुपमै स्वागत कार्यक्रम गर्ने

मंका: परिषद्को घोषणा सभा गर्ने

कीर्तिपुर सन्देश/ नेवा: स्वायत्त राज्य मंका: परिषद कीर्तिपुरको यही आषाढ ११ गते अध्यक्ष मण्डलका संयोजक पञ्चलाल महर्जनको अध्यक्षतामा बसेको वैठकले निम्नलिखित प्रस्तावहरू पारित गरेको छ ।

१. नेवा: स्वायत्त राज्य मंका: परिषद अध्यक्ष मण्डलको सदस्य नजरराम महर्जन फौजदारी अभियोगमा लामो समयसम्म थुनुवामा बस्नु भएको थियो । उहाँमाथि लागेको आरोपबाट यहि जेठ २५ गते अदालतबाट सफाई पाउनु भएकोले उहाँलाई औपचारिक कार्यक्रम गरी स्वागत गर्ने ।

२. परिषदको कार्यालय तांचाको भवनमा या की.न.पा.१७ स्थित सामुदायिक भवनमा संचालन गर्ने ।

३.त्रि.वि को लागि आवश्यक जनशक्ति कीर्तिपुरका स्थानीयवासीलाई प्राथमिकता दिने तत्कालिन सरकारले २०१३ सालमा प्रतिवद्धता जनाएको आधारमा हाल रिक्त रहेको उप(कुलपति पदमा कीर्तिपुरका स्थानीय दक्ष व्यक्तिलाई नै नियुक्ति गर्नु पर्ने कुरामा जोड दिदै विज्ञप्ती निकाल्ने र सम्बन्धित ठाउँमा पहल गर्ने ।

४.नगरपालिकाले ठेकेदारी प्रथाबाट गराएका विकास निर्माणका काममा न्यूनतम मापदण्ड पनि पूरा नगरेको र गुणस्तरहिनको साथै अनियमितता देखिएकोले ईन्जिनियरिङ्ग समाज कीर्तिपुरको प्राविधिक सहयोग लिएर नगरपालिकाको विकास निर्माणको अनुगमन गर्ने ।

५. आ.व. २०६८/०६९ को लागि कीर्तिपुर नगरपालिकाको नयाँ वजेट तथा कार्यक्रम बनाउने सम्बन्धमा एउटा अन्तर्क्रिया कार्यक्रम आउने शनिवार दिउँसो २ बजे गर्ने निर्णय गरियो । ६. कीर्तिपुर क्षेत्रमा नेवा: स्वायत्त राज्यको अभ्यासको लागि एउटा औपचारिक कार्यक्रम गरी स्वायत्त राज्यको इलाकाको साथै परिषदको घोषणा गर्न एउटा घोषणा सभा गर्ने ।

७. जनजातीको अधिकार सम्बन्धि विभिन्न माग राखी संविधान सभाको संसदको कार्यक्रम रोकी संघर्ष गर्दै आइरहनु भएका नेवा: सभासद बुद्ध सायमिलाई निलम्बन गरेकोमा खेद प्रस्ताव पारित गरेको छ ।

८. कीर्तिपुर नगरपालिकाको सर्वदलिय संयन्त्रमा नेपा: राष्ट्रिय पार्टीलाई समावेश गराउनको लागि चाहिने पहल गर्न सहयोग गर्ने ।

९. कीर्तिपुर नगरपालिकाले यस आ.व.देखि लागु गरिएका कर, दस्तुर र शुल्क वृद्धि आदिवासी जनजातिको विशेषाधिकारलाई प्राथमिकता दिएको नदेखिएको कारण कीर्तिपुर क्षेत्रका आदिवासी जनजातीय विशेषाधिकार हुने प्रगतिशील कर प्रणलीलाई परिमार्जित गर्नको लागि चाहिने प्रयास गर्ने ।

१०. प्रगतिशील कर प्रणालीलाई परिमार्जन गर्नको लागि एउटा खाका तयार गर्न मंका परिषद अध्यक्ष मण्डलका सदस्य श्री कृष्णहरि महर्जनलाई जिम्मा दिएको छ । ११. नयाँ बजेट निर्माणको विषयमा हुने अन्तर्क्रियामा एउटा खाका प्रस्तुत गर्न मंका: परिषद अध्यक्ष मण्डलका सदस्य श्री राममान सिंह र श्री नजरराम महर्जनलाई जिम्मा दिइयो ।

१२. कीर्तिपुर क्षेत्रका बहुसंख्यक नेवारहरूको मुद्दा मामिला सरकारी न्यायिक निकायमा लामो समयसम्म अड्किने र थुप्रै धन खर्च गर्दा पनि समयमा न्याय पाउन नसकेको भन्ने गुनासो आइरहेकोले हाम्रो कीर्तिपुर क्षेत्रका नेवारहरूको मुद्दा मामिलाका विवादहरूलाई यहिं दुवै पक्ष राखी न्यायिक निरुपणको काम गर्ने निर्णय गरियो । यसको लागि एउटा कार्य योजना तय गर्न मंका परिषद अध्यक्ष मण्डलको संयोजक श्री पञ्चलाल महर्जनलाई जिम्मा दिइयो ।

१३.कीर्तिपुर क्षेत्रलाई स्वायत्त राज्य अन्तरगत जनतालाई अनुभुति दिनको लागि नेवा: स्वायत्त राज्य मंका परिषद कीर्तिपुरको तर्फबाट एक ढिक्का भइ सक्रिय भएर कदम चाल्ने प्रतिवद्धता जनाउँदै परिषदको औपचारिक कार्यक्रम समाप्त भएको संयोजक पञ्चलाल महर्जनले घोषणा गर्नुभयो ।

नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

नेपालभाषा	नेपाली भाषा	नेपालभाषा उचारण
छैं	:घर	नेपालभाषा उच्चारण गर्दा मूल रूपमा ह्रस्व र दीर्घलाई छुट्याउनु पर्ने हुन्छ । ह्रस्वलाई छोटो र दीर्घलाई लामो उच्चारण गर्ने
बुँ	खेत	
सफू	किताव	
च्वसा	कलम	
चा	माटो	
ल:	पानी	
ज:	प्रकाश	चन्द्रविन्दूलाइ छोटो नाखें स्वर निकाल्ने हो भने शिरविन्दुलाई लामो नाखें स्वर निकाल्ने
सूर्द्य:	सूर्य	
तिमिला	चन्द्रमा	
सर्ग:	आकाश	
खसु	वादल	
फय्	हावा	इकारमा मात्र नभई आ कार र अकारमा पनि विसर्ग र खेको छ भने सो अक्षरलाई दीर्घ अक्षरको रूपमा लामो उच्चारण गर्ने
छ्व:	गहुँ	
बाजं	बाजा	
भु	थाल	
जा	भात	
भुतू	चुल्हो	
नँ	फलाम	ट, ठ, ड, ढ ण, क्ष, त्र, ज्ञ लाई नेपालभाषामा प्रयोग नगर्ने तर आगन्तुक शब्दको हकमा भने प्रयोग गर्ने
वह:	चाँदी	
लुँ	सुन	
मनू	मान्छे	
खिचा	कुकुर	
दुगुचा	भेडा	न्ह, म्ह, ल्ह शब्दलाई एकाक्षर को रूपमा लाई बढि मात्रामा प्रयोग गर्ने
च्वलय्	बाखा	
म्यय्	राँगा	
सा	गाई	
ताहा:	सर्प	
हँय्	हाँस	क्रियामा ऐकार राख्ने र अन्यको हकमा आदि मात्र उच्चारण हुनेमा खुट्टा काटने
खा	कुखुरा	
ला	मासु	

कारागार डायरी

नजरराम महर्जन

म प्रहरी खोरमा पुगेको पहिलो दिन

२०६७/०६/०७ विहिवार

"तपाईंलाई कालीमाटीमा बोलाउनु भएको छ । हाम्रो गाडीले पुऱ्याउन आउँछ ।"

"जाउँ दाइ" भनेर मलाई लिन आउने स.ई.ले नै भन्यो ।

हुन्छ त भनेर म गाडीमा बस्न गएँ । नेपालीको पछाडि बुद्धि भनेझै गाडीमा बसेपछि मेरो मनमा शंका उठ्यो । यो राम्रो भएन । मैले मोबाईलबाट पंचलाललाई फोन गरें ।

"पंचलाल मलाई कीर्तिपुर थानाबाट गाडीमा राखेर कालीमाटी थाना लैजाँदै छ । एकचोटी कालीमाटीमा आउनु ।"

मलाई प्रहरी प्रभाग कालीमाटी महिला सेलमा लग्यो । त्यहाँका महिला ईन्स्पेक्टरले हाम्रो संस्था नेपाल टुहुरा कल्याण संघको बारेमा, त्यसमा आबद्ध बच्चाहरूको बारेमा सोधिन् । मैले यथार्थ बयान दिएँ । अनि बच्चाहरू पालिराखेको घरको बारेमा सोधिन् । होस्टेलको बारेमा सोधिन् । त्यो होस्टेल होइन । बाहिर जिल्लाका कहिं जाने ठाउँ नभएका तीनजना केटीहरू बस्ने ठाउँ हो । मेरो पुरानो घरमा राखेर पालिराखेको छु । मलाई यहाँ किन बोलाउनु भएको ?" मैले सोधें ।

"तपाईंले आफ्नो घरमा राखेर पालि राख्नु भएका बच्चाहरूलाई जबरजस्ति करणी गर्ने प्रयास गर्नुभयो भनेर यहाँ उजुरी परेको छ । त्यसैले सोधपुछ गर्नको लागि तपाईंलाई यहाँ बोलाएको हुँ ।" ईन्स्पेक्टरले भनिन् ।

उनको कुरा सुनेर म त छानाबाट खसेकोजस्तो भएँ । दिउँसो पानी परेर अलि अलि जाडो महसुस भएको थियो । अहिले एकैचोटी मेरो शरीर पसिनाले निथ्रुक्कै भिज्यो ।

"राम राम तपाईंले के भन्नुभएको यो ? मैले यो के सुन्नुपऱ्यो ? आफूले छोरीजस्तो मानी पाली राखेका बच्चाहरूलाई पनि त्यसरी गर्छु र ? त्यो पनि मजस्तो चीनि रोगीले ।" मेरो मुखबाट निस्केको शब्द यिनै हुन् ।

"खोई उनीहरूले त यस्तै उजुरी दिएका छन । बयान लिन का लागि उनीहरूलाई लिन पठाएको छु। उनीहरूले होइन भन्यो भने तपाईंलाई छाड्छु ।" ईन्स्पेक्टरले भनिन् ।

"ठीक छ । उनीहरूसँग मेरो अगाडि बयान लिनुस । मेरो अगाडि उनीहरूले मैले त्यस्तो गरेको हो भने तपाईंले जे सजायँ दिनुहुन्छ त्यो भोग्न म तयार छु ।"

मलाई एउटा कोठामा राखेर उनी बाहिर गइन् । त्यहीबेला हरिश्चन्द्र बुढाथोकीको फोन आयो । मैले आफू एउटा मिटिंगमा व्यस्त छु । पछि कुरा गरुंला भनेर फोन राखें । ईन्स्पेक्टरले मेरो मोबाईल माग्यो । मैले स्वीच अफ गरेर दिएँ ।

पंचलाल आयो । ईन्स्पेक्टरको कोठामा गयो । कुराकानी पछि पंचलालले मकहाँ आएर भन्यो, "बच्चाहरूको बयान पछि मात्र केही भन्छु भनेको छ ।"

प्रहरी भ्यान आयो । "ल तपाईं भित्र बस्नुस ।" भनेर मलाई एउटा कोठामा राखेर बाहिरबाट चुकुल लगाई दियो । बच्चाहरू ल्याएको रहेछ । मेरो अगाडि बयान लिनु भनेको त मलाई कोठामा थुनेर अलग्गै कोठामा थुनेर पो बच्चाहरूसँग बयान लिन लागेको छ । बच्चाहरूले के बयान दिन्छ ? मैले उनीहरूलाई गाली गर्नु सिवाय अरू केही गरेकै छैन । मैले उनीहरूलाई पाली राखेको थिएँ । उनीहरूको बानी व्यहोरा नराम्रो देखेपछि अब म पाल्न सक्दिन आ-आफ्नो घर जाउ भनेको हुँ । अर्गीतालाई ३ गतेने उनको आमालाई बोलाएर पठाईसकेको छु । विमलालाई दशैंमा घर पठाउने । एस.एल.सी. जाँच नसकिएसम्म नीरूलाई कीर्तिपुर घरमा राख्ने सुनाएको थिएँ । त्यसैले ५ किलो २ किलो मात्र चामल किनि दिएको थिएँ । कसैसँग पैसा लिएर उनीहरूलाई पालिराखेको होइन । उनीहरूले आरोप लगाउँदैमा मलाई थुन्न पाइन्छ ? यस्तै मनमा कुरा खेलाउँदै म एक्लै कोठामा बसिरहें

बाहिर अँध्यारो भैसकेको छ । आधाघण्टा पछि गाडी गएको आवाज आयो । सायद बच्चाहरू फर्केर गएका होलान । उनीहरूले के बयान दियो होला थाहा पाउन मेरो मन हतारियो । त्यहीबेला म बसिरहेको कोठाको ढोका खुल्यो । मलाई कोठाबाट बाहिर लग्यो । छोरा निरज र भरत पनि आइसकेको रहेछ ।

"के भयो डैडी ?" छोराले सोध्यो ।

"मैले बच्चाहरूलाई जवरजस्ती गर्न खोज्यो रे ।"

"अँ प्रहरीले विमला र नीरूलाई भ्यानमा राखेर हाम्रो घरमा ताला लगाएर आयो भनेर नीरले फोन गरेर ल्यायो । अनि सोध्दै खोज्दै यहाँ आएको ।" छोराले भन्यो ।

क्रमश:

CONGRATULATIONS

To all the SLC Graduates, valuable guardians, devoted teachers' team and well wishers

100% SLC Result

Aashis thapa 90.63%

Puja K.C 88.75%

Romi Dangol 88.25%

Prashis Maharjan 87.63%

Utsav Baral 87.38%

Anupam Bhattarai 86.50%

Bishal Maharjan 84.88%

Nikita Maharjan 84.25%

Research K.C 83.63%

Pinkey Karki 83.63%

Peter Ghising 82.50%

Susmita Saud 82.25%

Anisha K.C. 80.38%

Jenika Maharjan 79.88%

Arpit K.C .79.13%

Saroj K.C. 78.88%

Biju Maharjan 78.88%

Sujita Maharjan 78.88%

Pankaj Maharjan 78.63%

Bikash Maharjan 78.38%

Riju Maharjan 77.88%

Bishes Adhikari 77.38%

Samana Maharjan 76.88%

Sudip K.C. 76.75%

Roshina Maharjan 76.63%

Sushmina Maharjan 76.25%

Somi Dangol Prajapati 76.25%

Bishal K.C. 75.13%

Nishan Karki 74.88%

Amrit Basnet 74.63%

Amit Maharjan 74.50%

Suroj Malakar 74.50%

Rajita Maharjan 73.63%

Anup Khadka 73.38%

Alex Maharjan 73.25%

Luna Regmi 73.13%

Deep Maharjan 72.63%

Paras Katuwal 71.75%

Rajeena Maharjan 71.38%

Rajita Dangol 71.25%

Sangina Maharjan 70.88%

Rabina Maharjan 70.25%

Alil Maharjan 70.13%

Prachanda Duwal Shr 70.13%

Rajish Maharjan 69.00%

Dipraj K.C. 68.75%

Sanisha Maharjan 68.38%

Kshitiz Duwal Shrestha 68.38%

Deepesh Khadgi 67.13%

Joel Bhandari 66.50%

Nabina Pandey 66.38%

Ashim Maharjan 66.38%

Laxman Rai 66.13%

Sanish Thing 65.13%

Anita Karki 64.88%

Buddha Maharjan 60.63%

Prases Maharjan 58.38%

Panga Secondary Boarding School

Shahidpath, Panga, Kirtipur–9 Ph: 4330069

नेवार समुदायलाई फुटाउने षडयन्त्र

काठमाण्डौं उपत्यकाका आदिवासी नेवार समुदायलाई विभाजित गर्न फेरी नेवार समुदयभित्रका जातीहरूलाई दलितमा राख्ने प्रयास भइरहेको छ। दलितमा नेवार समुदायलाई पनि समावेश गर्न तयार गरेको प्रतिवेदनलाई नेवाः समुदायले चर्को रुपमा विरोध गर्दै आइरहेको छ। यसै सन्दर्भमा केहि दिन अधि मात्र नेवाः स्वायत्त राज्य मंकाः संघर्ष समितिले संविधानसभाका अध्यक्ष एवं व्यवस्थापिका संसदका सभामुख सुवासचन्द्र नेम्वाङलाई दिएको ज्ञापन पत्रमा उल्लेख भएका कुराहरू निम्न अनुसार रहेका छन्।

ब्यवस्थापिका संसदको चालु अधिवेशनमा नेपाल सरकारको तर्फबाट माननीय स्थानीय विकास मन्त्रीज्यूले प्रस्तुत राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयकको अनुसुची १ मा उल्लेखित २ नम्बरको समूह अन्तर्गत नेवार समुदायका दलित समुह भनि कपाली, कुस्ले,पोडे, च्यामे, देउला, खड्गी र कसाहीलाई पनि सुचिकृत गरिएकोमा सम्पुर्ण नेवार समुदायको गम्भीर ध्यानाकर्षण भएको छ। उल्लेख गरिएका सम्बन्धित समुदायका साथसाथै सिङ्गो नेवार समुदायको तर्फबाट यस नेवाः स्वायत्त राज्य मंका संघर्ष समिति प्रस्तावित विधेयकमा नेवार समुदायका दलित समुह का रूपमा गरिएको सूचीकरणको जोरदार बिरोध गर्दछ र त्यस अन्तर्गतको अनुसुचीको सो समुहबाट पूर्ण रुपमा नेवार समुदायलाई अबिलम्ब हटाउन माग गर्दछ। नेपाल सरकार का तर्फबाट गरिएको यस्तो प्रयासबाट कुनैपनि सामाजिक समूह वा समूदायलाई आ-आफ्नो पहिचान कुन रुपमा स्थापित गराउने भन्ने आत्मनिर्णयको अधिकार लाई अवमूल्यन हुन गएको छ। उल्लेखित नेवार समुदायका राष्ट्रिय संगठनहरूले कुनै पनि रुपमा नमान्ने भनि विरोध गरिसक्दा पनि फेरि प्रस्ताबित विधेयकको अनुसुचिमा सात वटा नेवार समुदायलाई दलितका रुपमा उल्लेख गरिनु त्यस समुदायको आत्मसम्मानपूर्वक समाजमा स्थापित हुन चाहने आकांक्षाका विरुद्ध सरकार को तर्फबाट गर्न खोजिएको सत्ता शक्तिको दुरुपयोग र षडयन्त्रको रुपमा देखिन्छ। जुन, निन्दनीय र दुःखद हो। तसर्थ, यसमा अविलम्ब सच्याउनका लागि हामी सामुहिक रुपमा यहाँ मार्फत आग्रह गर्दछौ।

सम्माननीय सभामुखज्यू नेवार समाज अन्तर्गत थुप्रै जाती र उपजातिहरू छन। त्यसभित्र अनेकन राजनीतिक र ऐतिहासीक कारणबाट उत्पिडनको स्थिति पनि कायम रहेकोमा दुई मत छैन। तर सांस्कृतिक, आर्थिक, सामाजिक उत्पिडन दलितको संज्ञा पर्याय बनाउनु खोज्नु उचित होइन। यस्तै समाजशास्त्रीय दृष्टिकोणले पनि नेवार समाजमा रहेका जाती र उपजाति हिन्दू सामाजिक संरचनाकै जस्तै चार वर्णाश्रम अनुसार छैन र होइन। सो संरचनासम्बन्धी अल्पज्ञानको संकेत बाहेक केही होइन। प्रस्तावित विधेयकमा अल्लेख गरिएका मुलत तीन समुदाय सुचिकृतहरू पोडे, च्यामे यथार्थमा तान्त्रिक पीठहरूका पुजारीहरू हुन र जस्को हातबाट सबै भक्तजनले प्रसाद ग्रहण गर्ने गरिन्छ नेवार कर्मकाण्डमा सहभागी हुने गर्दछ। त्यस्तै खड्गीहरू नेवार बस्तीहरूका रक्षक वा नायक हुन।

स्मरण होस, यस सम्बन्धमा राष्ट्रिय दलित आयोग द्वारा नेपालका दलितका सम्बन्धमा परिभाषा र सूचीहरू तयार गरी आफ्नो प्रतिवेदन तयार गर्ने क्रममा २०५९ साल फागुण २५ गते आयोगकै सभाकक्षमा सरोकार वाला नेवार समुदाय तथा संस्थाका प्रतिनिधिहरू समेतको सहभागितामा सम्पन्न वृहत छलफलमा.....कपाली, खडगी, धोवी, घौला, कुच्चेहरूको माग अनुसार दलित जातिको सूचिबाट अलग गराउन राष्ट्रिय दलित आयोग उचित ठान्दछ भनि अधिकारिक निर्णय भइसकेको र सोही अनुसार नेपाल सरकार राष्ट्रिय दलित आयोगको मिति २०६७बैशाख १३ सम्मको दलित जातीय अनुसूचि विवरणमा पनि पहाडे मूल अन्तर्गत पाँच वटा र मधेशी मुल अन्तर्गत बाइस वटा जातलाई मात्र दलितका रुपमा सुचिकृत गरिदै आएको हो। जसमा नेवार समुदायका कुनै समूह सूचिकृत थिएन।

यस्तै, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, गठन सम्बन्धी ऐन २०५६ अनुसार सिंगो नेवार समुदायलाई नै ५.६ वटा आदिवासी समुदायभित्र सूचिकृत गरिसकेकोले सोही नेवार समुदायभित्रका केही समुहलाई पृथक गरेर दोहोरो पहिचान दिन खोजिनु समाजशास्त्रीय दृष्टिकोण तथा कानूनी रुपमा पनि उचित छैन। यसरी नेवार समाजभित्रको जाति, उपजातिलाई अलग्ग गर्दै दोहोरो पहिचान दिइने हो भने नेवारको साझा पहिचान बनाएर एकिकृत रुपमा स्थापित यस समुदायका केही समूहलाई अलग्याएर भिन्न पहिचान दिन खोज्नु भनेको यथार्थमा हाम्रो नेवारभित्रको सामाजिक एकतालाई खल्बल्याउन खोज्नु बाहेक केही होइन। जुन हामीलाई स्विकार्य छैन। हामी आदिवासि हौ, हामी नेवार हौ, हाम्रालागि अर्को फरक पहिचान भित्र गाँज्न खोज्नु मान्य छैन।

नेवार एकता दिवसका अवसर मा ११३१ पोहेलाथ्व ९ का दिन पाटन पुल्चोकमा भएको सार्वजनिक समारोहबीच नेवार समुदायका ३६ वटा भन्दा वढी जातजातीका संस्थाका आधिकारिक प्रतिनिधिहरूले नेवार समाजभित्र ठूलो र सानो जातिका रुपमा गरिने सबै किसिमका भेदभावको अस्विकार गर्दै सोही दिनदेखि त्यसको अन्त्य भएको र सबै नेवार समान हुन भन्ने प्रतितवद्धता जाहेर गरिसकेको सन्दर्भ पनि यहां स्मरण गरिनु आवश्यक छ।

तसर्थ सिङ्गो नेवार समुदाय तथा प्रस्तुत विधेयकमा सूचीकृत गरिएका समूहका तर्फबाट यसै ज्ञापन पत्र मार्फत सम्माननीय सभामुखको ध्यानाकृष्ट गराउँदै हाम्रो साझा भावना र आकाक्षा अनुसार राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक, जुन अहिले व्यवस्थापिका संसदको अधिनमा रहेको छ त्यस अन्तर्गत कुनै पनि नेवार समुहलाई दलितका रुपमा सूचीकृत नगर्न, नगराउन तपाईबाट प्रभावकारी भूमिका खेलिदिनु हुन विनम्र अनुरोध छ। आशा छ, हाम्रो भावनाको सही कदर हुनेछ। सहयोगका लागि धन्यवाद।

हार्दिक समवेदना

मिति : २०४३/२/१ गतेदेखि यस विद्यालयको वरिष्ठ लेखापालमा कार्यरत **श्री धन महर्जन**को ५१ वर्षको अल्पआयुमा असामयीक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा भगवानले शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

व्यवस्थापन समिति

एवं

विद्यालय परिवार

पांगा माध्यमिक विद्यालय

स्व. धन महर्जन

जन्म मिति :२०१७/४/१०

स्वर्गारोहण : २०६८/३/७

Hearty Congratulation to Our 3rd Batch SLC Graduates !

(100% First Division with 95% Distinction)

Sapana Tiwari
90.75%

Lisa Maharjan
88%

Rojee Shrestha
86.87%

Seema Barma
86.25%

Prathista Shrestha
86%

Prajwal Shrestha
85.5%

Sarika Maharjan
85.37%

Radheshyam Bista
85%

Ritesh Maharjan
84.37%

Pratima Basnyat
84.25%

Harshit Gurung
83.87%

Sujita Bista
82.25%

Sabbu Shrestha
82%

Pratik Maharjan
81.87%

Mallika Maharjan
81.75%

Aman Maharjan
81.37%

Sushant Shrestha
80.37%

Babesh Maharjan
77.37%

We would like to express heartfelt thanks to all our Parents, Guardians, Staff, Students, Well Wishers & Supporters to achieve this outstanding result !

CREATIVE ACADEMY FAMILY

Nayabazar, Kirtipur

हार्दिक बधाई

कीर्तिपुर नगरपालिका वडा नं. १७ ढोकासी टोल कीर्तिपुर अवस्थित गोरखनाथ माध्यामिक विद्यालयबाट २०६७ सालको एसएलसी परीक्षमा सम्मिलित विद्यार्थीहरू प्रथम श्रेणीमा शत प्रतिशत उत्तीर्ण भएको खुशीयालीमा सम्पूर्ण विद्यार्थी, शिक्षक, शिक्षिका, अभिभावक तथा शुभचिन्तकहरु र Ecoliers du monde France मा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

इन्दिरा तुलाधर७७.२५%

सोनी शाही ७४%

अम्रृता लामा६८.१३%

रेश्मा शाही ६७.१३ %

अनुप श्रेष्ठ६२.७५%

सुजन शाही ६१.५०%

गोरखनाथ माध्यामिक विद्यालय परिवार

हार्दिक बधाई

कीर्तिपुर नगरपालिका वडा नं. १७ नगाउँ दोवाटोमा अवस्थित कीर्ति सेकेण्डरी बोर्डिङ स्कूलबाट २०६७ सालको एसएलसी परीक्षमा सम्मिलित विद्यार्थीहरू प्रथम श्रेणीमा शत प्रतिशत उत्तीर्ण भएको खुशीयालीमा सम्पूर्ण विद्यार्थी, शिक्षक, शिक्षिका, अभिभावक तथा शुभचिन्तकहरूमा हार्दिक बधाई ज्ञापन गर्दछौं ।

प्रजिना महर्जन ७८.८७ %

कृपा श्रेष्ठ ७६.८७ %

विपिन थापा ७६.२५ %

रसना महर्जन ७६.०० %

रविन तामाङ ७५.६२ %

सुहन महर्जन ७४.५० %

अनिषा महर्जन ७४.३७ %

सेभसन महर्जन ७२.५० %

खगेन्द्र बोहरा ७२.१२ %

निर्जला दाहाल ६८.५० %

जुनु चौधरी ६७.८७ %

सोनी महर्जन ६४.०० %

विकास केसी ६२.२५ %

सलिज महर्जन ६०.००%

कीर्ति सेकेण्डरी बोर्डिङ स्कूल परिवार, फोन ४३३१५१३

HEARTY CONGRATULATIONS

To all the SLC Graduates, valuable guardians, devoted teachers' team and well wishers

100% SLC Results with 23 Distinction

Alka (Dist)

Aman (Dist)

Ashish (Dist)

Dicken (Dist)

Jayan (Dist)

Lajesh (Dist)

Mamik (Dist)

Nita (Dist)

Niva (Dist)

Pratiksha (Dist)

Rajani (Dist)

Rajin (Dist)

Ravi (Dist)

Roja (Dist)

Rusha (Dist)

Sangam (Dist)

Sanju K.C(Dist)

Sarita (Dist)

Siksha (Dist)

Susan (Dist)

Somi (Dist)

Swarnima (Dist)

Sabina (Dist)

Benjila (Ist)

Binesh (Ist)

Chajesh (Ist)

Gyallinda (Ist)

Kiran (Ist)

Leena (Ist)

Manisha (Ist)

Merit (Ist)

Manika (Ist)

Nagina (Ist)

Nisha (Ist)

Prashsnt (Ist)

Prabin (Ist)

Raina (Ist)

Reema (Ist)

Rikesh (Ist)

Ronit (Ist)

Rujen (Ist)

Rukshana (Ist)

Rusha (Ist)

Samiksha (Ist)

Sagar (Ist)

Sajan (Ist)

Sandya (Ist)

Sanju (Ist)

Saru (Ist)

Shem (Ist)

Shrishma (Ist)

Sikesh (Ist)

Simran (Ist)

Sushil (Ist)

Timila (Ist)

Yogesh (Ist)

Arbin (2nd)

Hill Town Int Higher Secondary

Baghbhairab, Kirtipur - 1 Ph: 4331407

जनसेवाकी विनीता तिवारी सामुदायिक तर्फ सर्वोकृष्ट

जनसेवा उच्च मा.वि.की विनीता तिवारी यस वर्ष २०६७ सालको प्रवेशिका परिक्षा (एस.एल.सी) मा दक्षिण भेगिय सामुदायिक विद्यालयतर्फ ८७.६३ अंक ल्याइ सर्वोकृष्ट हुन सफल भएकी छिन ।

जुम्ला जिल्लाको सिमजा गा.वि.स. वडा.नं.७ मा वि.सं.२०५०/०९/१९ गते बाबु रामकान्त तिवारी, आमा पूर्वकन्या तिवारीको तेश्रो सन्तानको रूपमा जन्मनु भएकी थिइन । सात कक्षासम्म आफ्नै गाउँमा अध्ययन गरेर २०६४ मा जनसेवा स्कूलमा कक्षा ७ मा भर्ना भएकी थिइन् ।

सादा जीवन उच्च विचार राख्नु हुने विनीताले ७ कक्षादेखिनै कक्षामा प्रथम हुन सफल भइन् । उहाँ पाँगामा आफ्ना दिदीको साथ डेरामा बस्नुहुन्छ । उहाँको मेहेनत र लगनशीलता देखेर जनसेवा उ.मा.वि.का प्राचार्य श्रीमती नन्दकुमारी महर्जन र विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री माधवलाल महर्जनज्यूले उनलाई व्यक्तिगत रूपमै सहयोग गर्दै आउनु भएको थियो ।

दश कक्षामा पढेदेखिनै माधव लाल महर्जन र नन्दकुमारी महर्जनले आफ्नै खर्चमा विद्यालय बाहिर गणितको ट्यूशन पढाउनु भयो । उनले अनिवार्य.गणित र ईच्छाधिन गणितमा ९८ र ९७ अंक ल्याउनु भएको छ । विज्ञानमा पनि ९२ अंक ल्याउन सफल भएकी छिन । विनीताको ९० प्रतिशत अंक नघाउने विचार थियो तर अंग्रेजीमा सोचे जति नम्बर नआएकोले ९० प्रतिशत अंक पुऱ्याउन नसकेकोमा उनले मन खिन्न गरिन् । गाउँघरको विद्यालयमा अंग्रेजी त्यति राम्ररी पढाउँदैनन् । त्यसैले उनको अंग्रेजीको जग कमजोर रहयो ।

भविष्यमा डाक्टर बन्ने उनको लक्ष्य छ । त्यसको लागि उनी अहिलेदेखिनै ब्रिज कोर्स पढ्न थाल्नु भएको छ । यो पढाईको लागि पनि माधवलालज्यूले नै सहयोग गर्नु भएको छ ।

विज्ञान विषयको ब्रिज कोर्स पढ्न जाँदा प्रयोगशालामा विनीताले उपकरणहरू निर्धक्क र सफलता पूर्वक संचालन गर को देखेर शिक्षक छक्क पर्नुभयो र सोध्नुभयो, 'तपाई सरकारी स्कूलबाट आउनु भएको होइन ? कसरी यो उपकरण चलाउन जान्नुभयो ?'

'हाम्रो स्कूलमा पनि यस्तै विज्ञान प्रयोगशाला छ । हामी त्यसमा अभ्यास गछौं भन्दा सरले हाम्रो स्कूलको प्रशंसा गर्नुभयो । जनसेवा उच्च मा.वि. सामुदायिक विद्यालय भए पनि नीजि विद्यालयभन्दा कम छैन । जुन देखेर फेरि एकचोटि मलाई मेरो विद्यालयप्रति गर्व महसुस भयो ।' विनीताले भनिन ।

विद्यालयमा नियमित जाने, शिक्षक/शिक्षिकाहरूले पढाउनु हुँदा ध्यानपुर्वक सुन्ने र नबुझेको कुरो निर्धक्कसँग सोध्ने । नबुझे पनि बुझेजस्तो नगर्ने, घरमा आएर अभ्यास गर्ने गऱ्यो भने पास गर्न गाह्रो नहुने कुरा विनीताले बताइन् । विनीताले विद्यालयका शिक्षक/शिक्षिका सबैको सहयोग पाएकोमा सबैजना प्रति आभारी प्रकट गर्दै आगामी वर्षमा एस.एल.सी. परिक्षा दिने साथीहरूले ९० प्रतिशत अंक ल्याउन सफल होस भन्ने शुभकामना दिनु भयो । एउटा लक्ष्य लिएर पढाई केवल पढाईमा ध्यान लगाएर पढ्यौं भने सफलता हासिल गर्न सक्ने उहाँको भनाई र अनुभव छ ।

(अन्तर्वार्तामा आधारित)

हार्दिक समवेदना

हाम्रा हितैषी मित्र
***श्री धन महर्जन**को*
५१ वर्षको अल्पआयुमा
असामयीक स्वर्गारोहण
भएकोमा दिवंगत
आत्माको चीरशान्तिको
कामना गर्दै यस दुःखद
घडीमा भगवानले
शोकसन्तप्त
परिवारजनमा
धैर्य धारण गर्ने शक्ति
प्रदान गरुन भन्ने
प्रार्थना गर्दै हार्दिक
समवेदना प्रकट गर्दछौं ।

स्वर्गारोहण :
२०६८/३/७
जन्म मिति
:२०१७/४/१०

रामकुमार श्रेष्ठ र सविता श्रेष्ठ
भिक्टोरिया ट्रेड लिंक नयाँबजार, कीर्तिपुर फोनं

भावपूर्ण श्रद्धाञ्जली

जन्म मितिः
२०१७/४/१०

स्वर्गारोहणः
२०६८/३/७

यस संस्थाका संस्थापक सदस्य तथा संचालक समितिका कोषाध्यक्ष तथा सिष्टमेटिक मनी सर्भिसका सचिव

श्री धन महर्जन

२०६८ आषाढ ७ गते अल्पआयुमा असामयिक स्वर्गारोहण भएकोमा हामी स्तब्ध एवं साह्रै मर्माहत भएका छौं । यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी प्रार्थना गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं ।

सिष्टमेटिक मनी सर्भिस प्रा.लि परिवार तथा सिष्टमेटिक सेभिङ्ग एण्ड क्रेडित को–अपरेटिभ लि. परिवार

हनुमानघाट, पांगा रोड, कीर्तिपुर १७ फोन नं.४३३६३११, ४३३२०२०

डाक्टर बन्न चाहन्छिन शिरीष

'कुनै समस्यादेखि डराउनु हुदैन। आफूले नबुझेको कुरा निर्धक्कसँग शिक्षक/शिक्षिकासँग सोध्नु पर्छ।'

'उहाँले आफ्नो सफलताको श्रय आफ्नो घर परिवार, मामा, माइजू, विद्यालयका शिक्षक/शिक्षिका जसले उहालाई असाध्य माया गर्नुभइ सँधै राम्रो अंक ल्याइ कक्षामा प्रथम हुन राम्रो सल्लाह र सुझाव' दिदै मार्ग दर्शन गर्नु भयो भन्नुहुन्छ शिरीष।

परिचय:
नाम: शिरीष महर्जन
जन्ममिति:
२०५१/१२/१३
जन्मस्थान :
कीर्तिपुर नगरपालिका वडा नं ६ समल टोल
बाबु/आमा :
राजभाइ महर्जन/ सुशीला महर्जन
विद्यालय :
राराहिल मेमोरियल स्कूल, छुगाउँ, कीर्तिपुर

प्रवेशिका परीक्षा (एस.एल.सी) २०६७ मा ९२.५० प्रतिशत अंक ल्याइ कीर्तिपुर टप र अहिलेसम्मको जानकारी अनुसार नेपाल टप सिक्स हुन सफल शिरीष महर्जन भविष्यमा डाक्टर बन्न चाहन्छिन्। आफू कीर्तिपुर टप आएकोले खुशी त लाग्यो तर आफूले सोचेजस्तो अर्थात ९३/९४ प्रतिशत सम्म आउने अपेक्षा थियो नआएकोले मन अलि खिन्न भएको छ। एकाउन्ट विषयमा अलि कम अंक आएकोले आफूले सोचेजस्तो प्रतिशत नआएको बताउनु हुन्छ।

आफ्ना मामा सुनिल महर्जन र माइजू राज्य लक्ष्मीको रेखदेखमा राराहिल बाटै आफ्नो शैक्षिक यात्रा शुरु गर्नु भएकी शिरीषले हरदम कक्षा टप हुँदै विद्यालयबाट छात्रवृत्ति पाएर आफ्नो पढाईलाई निरन्तरता दिन सकेकी कुरा बताउनु हुन्छ। उनी विहान ५ बजेदेखि बेलुका १० बजेसम्म पढ्नु हुन्छ। उहाँको बुबा राजभाइ महर्जन, आमा सुशीला महर्जन अनि दाजु सुरज महर्जन गरी चार जनाको परिवारमा आमा काम विशेषले बाहिर जानु हुँदा घर को काम जस्तै खाना बनाउने, घरको सरसफाई र लुगा धुने एउटी छोरीले गर्ने सम्पूर्ण काम गर्नुहुन्छ। काम गर्न अल्छि मान्नु हुदैन। कामले मान्छेलाई स्फूर्ति प्रदान गर्छ भन्ने मान्यता राखेकी छिन शिरीषले।

उहाँले आफ्नो सफलताको श्रय आफ्नो घर परिवार, मामा, माइजू, विद्यालयका शिक्षक/शिक्षिकाजसले उहाँलाई असाध्य माया गर्नुभइ सँधै राम्रो अंक ल्याइ कक्षामा प्रथम हुन राम्रो सल्लाह र सुझाव दिदै मार्ग दर्शन गर्नु भयो भन्नुहुन्छ शिरीष। उहाँले विद्यालयको पढाई वाहेक अन्त बाहिर कहिं कोचिंग या ट्यूशन सेन्टरमा पढ्नु भएको छैन। ध्यान दिएर पढ्ने हो भने विद्यालयको पढाईले नै राम्रो अंक ल्याउन सकिन्छ भन्नुहुन्छ शिरीष। विद्यालयका शिक्षकले आफू के मा कमजोर छ र आफ्नो कति क्षमता छ भन्ने थाहा पाउनु हुन्छ। बाहिरका शिक्षकले त्यो ख्याल गर्न सक्नु हुन्न। त्यसैले विद्यालय बाहेक अन्त पनि कोचिंग पढ्नु पर्छ भन्नेमा शिरीष विश्वास गर्नुहुन्न।

एउटा सामान्य किसान परिवारमा जन्मेर पनि डाक्टर बन्ने इच्छा राख्नु के उहाँको परिवारले डाक्टर जस्तो महंगो शिक्षा दिलाउन सक्छ र ? भनि सोधेको प्रश्नमा शिरीष भन्नुहुन्छ - अवश्य पनि मेरो परिवारले खर्च गर्न सक्नुहुन्न तर आफ्नो मेहनतले सरकारी छात्रवृत्ति हासिल गरेर डाक्टर बन्न चाहन्छु। त्यसको लागि अझ मेहेनत गरेर ११ र १२ कक्षामा पनि विशिष्ट श्रेणीमा पास गरेर सरकारी छात्रवृतिमा डाक्टर पढ्ने विचार गरेकी छु। उद्देश्य के लिनु चन्द्र एक भनेझै मैले पनि डाक्टर बन्ने अठोट गरेकी छु।'

सफलता हासिल गर्न के गर्नु पर्छ भन्ने जवाफमा उहाँ भन्नुहुन्छ- कुनै समस्यादेखि डराउनु हुँदैन। आफूले नबुझेको कुरा निर्धक्कसँग शिक्षक/शिक्षिकासँग सोध्नु पर्छ। विद्यार्थी जीवनमा अरू कुरालाई भन्दा पहिलो प्राथमिकता पढाईमा ध्यान दिनुपर्छ आफ्नो लक्ष्यप्रति अर्जुन दृष्टि राख्नु पर्छ। अवश्य सफलता पाउने छ।

हार्दिक बधाई

२०६७ सालको प्रवेशिका परीक्षामा कीर्तिपुर पेट्सान अर्न्गतको राराहिल मेमोरियल स्कूलको छात्रा शिरीष महर्जनले ९२.५० % ल्याई कीर्तिपुर टप हुनु भएकोमा हार्दिक बधाई ज्ञापन गर्दछौं।

राराहिल मेमोरियल स्कूल

तथा

पेट्सान परिवार कीर्तिपुर, काठमाडौं

पाँगाको श्री भैरवनाथ तःगुथि भवनको ढलान कार्य सम्पन्न

कीर्तिपुर सन्देश/ नेवारहरूको आदिभूमि, महर्जनहरूको बाहुल्यता भएको कीर्तिपुर न.पा.को ९,१०,११,१२ गरी चारवटा वडा समेतिएको बस्ती पाँगा हो।

पाँगामा महर्जन जातको तीनवटा गुथिहरू छन। ती तीनवटा गुथिमध्ये सबैभन्दा ठूलो गुथि भैरवनाथ तःगुथि हो। जसमा ५५० जना गुथियारहरू छन। यस गुथिको आफ्नै आफ्नै भवन छ। जसको क्षेत्रफल १९ फिट चौडाई र ४८ फिट लम्वाई रहेको छ। ५५० जना गुथियारहरू बसेर भोज खान अप्ठेरोमात्र होइन। गुथिको भवन साह्रै जिर्ण अवस्थामा रहेकोले गुथिले आफ्नो भवन बनाउने सोचका साथ नगरपालिकामा योजना पेश गरेको थियो।

पाँचसय पचास जना मानिस एकसाथ बसेर भोज खानको लागि साढे चार तल्ला आवश्यक पर्ने भएकोले ४५ लाखको इष्टीमेट गरी नगर पालिकामा नक्सा पेश गरियो। जसमा नगरपालिकाको माध्यमबाट एल.जी.सी.डी.पी.बाट १० लाख रुपैयाँ सहयोग प्राप्त भएको हो। उक्त सहयोगप्राप्त भएपछि जिर्ण अवस्थामा पुगेको पुरानो घर भत्काएर नयाँ सिमेन्टको खम्वा राखी एक तल्ला ढलान गर्ने कार्य सम्पन्न भएको छ। जसमा जनसहभागितामा रु.४ लाख खर्च भैसकेको छ। नेवार जातिहरू सांस्कृतिक रूपमा धनी छन। पाँगाको सांस्कृतिक, धार्मिक परम्परा जोगाई राखेको भन्ने नै यी गुथिहरूले हुन। सांस्कृतिक धार्मिक काम गर्न अरू दुईवटा गुथिले जतिजना गुथियार परिचालन गर्छन् त्यतिकै संख्यामा भैरवनाथ गुथिले हरेक काममा आफ्ना गुथियारहरू पठाउँछन। आर्थिक बजेट सकिनु अगाडिनै काम सिद्धयाएर हिसाव किताव फरफारक गरी आगामी बजेटमा पनि अर्को तल्लाको लागि बजेट माग्ने कुरा निर्माण कमिटिका अध्यक्ष श्री शंकर डंगोलज्यूले बताउनु भयो।

दोष कस्को ?....

१ पेजवाट बाँकी

त्यस्तै पर्यटन वर्ष २०११ मा कीर्तिपुरमा आउने पर्यटकहरूलाई कीर्तिपुरको टोल वस्तीलाई चिनाउनको लागि टोल परिचय पाटी नेपाली, नेपालभाषा, अंग्रेजी शिर्षक अन्तर्गत कीर्तिपुरको १९ वटै वडाको टोल वस्तीको नाम तीनवटै भाषामा लेखी टाँस्नको लागि रु.४,००,०००/(रु.चार लाखको वजेट छुट्याइएकोमा पर्यटन वर्ष आधा सकिसक्यो तर हालसम्म कुनै काम भएको छैन। यो वजेट पनि फ्रिज हुन लागेको छ। यो वजेटले नपुगे अरू वजेट थप्नु पर्नेमा भएको वजेट पनि सदुपयोग गर्न नसक्नु कसको कमजोरी हो ?

सांस्कृतिक बाजागाजा पर्व संरक्षण/सांस्कृतिक प्रतियोगिता समेत शिर्षक अन्तर्गत गत वर्ष रु.१,५०,०००/(राखेकोमा अझै रु १,३९,०००/(बाँकि देखिन्छ। हाम्रा बस्तीमा ऋतु अनुसार बजाउने पुराना बाजाहरू विग्री सकेका छन भने नयाँ बाजा किन्न पैसाको अभावले लोपै हुन लागेको बाजाहरू थुप्रै छन। जस्तैः(खिँ, धाः, नार्यखिँ, बासुरी इत्यादि। नेवारहरूको संस्कृतिको पहिचानको प्रतीक यी बाजाहरू संरक्षण गर्नको लागि राखिएको यो वजेटमा जम्मा एघार हजार मात्र खर्च भएको छ। अरू किन खर्च भएन ? यसको लागि प्रत्येक आखाः घरमा सम्पर्क राखेर बाजागाजको के स्थिति छ बुझेर खर्च गर्ने गर्नुपर्छ। जन प्रतिनिधी विहिन स्थानीय निकायमा सर्वदलीय समितिले काम गरिरहेकोमा यसको जिम्मेवारी सर्वदलीय समितिले लिनु पर्ने होइन र ?

कीर्तिपुर नगरपालिका कीर्तिपुर क्षेत्र मात्र होइन। कीर्तिपुर डाँडा पर वडा नं.७, ८ र १५, लनगोल, क्वार पनि हो। जहाँ हिउँदमा धुलो उडेर सास फेर्न गाह्रो हुन्छ भने वर्षातमा हिलोले हिंडन गाह्रो। यस्तो क्षेत्रमा सर्वदलिय समितिको आँखा नपुगेको हो कि ! होइन भने स्थानिय विकास मन्त्रालय (जगेडा कोष) अन्तर्गत २,५०,००,०००/ मध्ये अझै १,७८,९२,७९५/(बाकि छ। यसको सदुपयोग अहिले वर्षातमा पीच र ढलान गरेर गरि रहेको हो कि ! गत वर्ष वडास्तरिय वजेट राखेकै थिएन। के कीर्तिपुर नगरपालिकाको सवै वडाहरू विकसित भइसकेका छन ? यस्ता योजनाहरू छन। जसको हामी पछि पनि जनसमुदायलाई जानकारी दिने नै छौं। हामीले तिरेको करबाट चल्ने नगरपालिकाको हर हिसाव थाहा पाउने हाम्रो नैसर्गिक अधिकार हो। त्यसैले आफ्नो अधिकारप्रति सचेत होऔं। नागरिकको कर्तव्य निर्वाह गरौं।

पांगा मा.वि.मा श्रद्धाञ्जली सभा

कीर्तिपुर सन्देश/ पांगा मा.वि.का वरिष्ठ लेखापाल श्री धन महर्जन गएको असार ७ गते बी एण्ड बी अस्पतालमा उपचार गराउँदा गराउँदै स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै पांगा माध्यमिक विद्यालयले असार ९ गते विहिवार विद्यालय प्रांगणमा शोकसभाको आयोजना गरियो।

उक्त शोकसभामा शिक्षक प्रतिनिधि गणेश प्रसाद खनालले धन महर्जनसँगको २३ वर्ष लामो संगतको अनुभव सुनाउँदै भन्नुभयो -धन सरमा मानवीय गुण रहेको, मीठो बोली, शिक्षकहरूको कुनै समस्या भए हेड सर या व्यवस्थापन समितिलाई भन्नु पर्ने भन्न नसकेको कुरा धन सरलाई भने पुग्थ्यो। सँधै विद्यालय कर्मचारीको समस्या बुझ्नु हुन्थ्यो।

प्रधानाध्यापक रमेशमान महर्जनले भन्नुभयो- धन महर्जन कर्तव्यनिष्ठ, सदा विद्यालयको हित चाहने, विद्यालयको लागि सदैव समय दिन तत्पर र विद्यालयलाई नै घर ठानी काम गर्नुहुन्थ्यो।"

धनको छिमेकी तथा साथी नरहरि महर्जनले भन्नुभयो- उहाँ नेपालभाषा साहित्य, नाटकमा पनि सक्रिय भएर लाग्नुहुन्थ्यो। पिकनिक, घुमफिरमा जाँदा धन भएन भने नरमाइलो लाग्ने अनुभव सुनाउनु भयो।

श्यामसुन्दर महर्जन- धन महर्जन काका भएपनि साथीजस्तै व्यवहार गर्नुहुन्थ्यो। धन महर्जन २५ वर्षको हुँदा उहाँको बुवाको स्वर्गवास भयो।

जेठो छोरा भएको नाताले उहाँले परिवारको जिम्मेवारी निर्वाह गर्नुभयो। रत्नज्योति क्याम्पस हाल पिपुल्स क्याम्पसमा अध्ययन गर्ने क्रममा २०३७ सालमा उहाँ स्ववियु सभापति निर्वाचित हुनुभयो। त्यससमयमा उहाँ र शम्भुराम गिरफ्तारमा परि जेल जानुभयो। शम्भुरामलाई २ महिनामा छाडियो भने उहाँलाई ३ महिना पछि मात्र रिहा गरियो

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवं सभाका सभापति नन्दवहादुर महर्जनले श्रद्धाञ्जली दिने क्रममा

भावविह्वल भएर बोल्ने सक्नु भएन।

विद्यालयका विद्यार्थीहरूको तर्फबाट कक्षा १०मा अध्ययनरत रोईसा महर्जनले सम्पूर्ण विद्यार्थीहरूको तर्फबाट अश्रुपूर्ण शब्द श्रद्धाञ्जली दिनु भएको थियो।

पुष्प सदन स्कुलकी मञ्जु आचार्यको आत्महत्या सम्वन्धि विस्तृत समाचार आगामी अंकमा प्रकाशित गर्नेनै छौं।

हार्दिक समवेदना

यस संस्थाका सदस्य तथा हाम्रा हितैषी मित्र

श्री शान्तराम महर्जन ज्यूका श्रद्धेय दाजु

श्री धन महर्जनको

५१ वर्षको अल्पआयुमा असामयीक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै यस दुःखद घडीमा भगवानले शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने प्रार्थना गर्दै हार्दिक समवेदना प्रकट गर्दछौं।

अध्यक्ष

एवं

FEDपरिवार, कीर्तिपुर पांगा

स्व. धन महर्जन

जन्म मिति :२०१७/४/१०

स्वर्गारोहण : २०६८/३/७